# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | JULY 2023 | No. 07


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

**यशैया ४९:१-६**

१. हे टापूहरू हो, मेरो कुरा सुन । हे टाढाका जातिहरू हो, यो कुरा सुन । जन्मनुभन्दा अघि परमप्रभुले मलाई बोलाउनुभयो। मेरो जन्मदेखि नै उहाँले मेरो नाउँको चर्चा गर्नुभएको छ।

२. उहाँले मेरो मुद लाग्ने तरवारजस्तै बनाउनुभयो। उहाँले मलाई आफ्नो हातको छहारीमुनि लुकाउनुभयो। उहाँले मलाई चिल्लो र टल्कने काँड बनाउनुभयो र मलाई आफ्नो ठोक्रोमा लुकाइराख्नुभयो।

३. उहाँले मलाई भन्नुभयो, "तँ मेरो दास इस्राएल होस्। तँमा नै मेरो ऐश्वर्य म प्रकट गर्नेछु।"

४. तर मैले भनें, "मैले केही अभिप्राय नराखी परिश्रम गरें। मैले व्यर्थमा र शून्यताको लागि मेरो बल खर्च गरें। तापनि जे मैले पाउनुपर्छ, त्यो परमेश्वरको हातमा छ र मेरो प्रतिफल मेरा परमेश्वरसित छ।"

५. अब परमप्रभु भन्नुहुन्छ- जसले मलाई उहाँको दास हुन, याकूबलाई फेरि उहाँकहाँ ल्याउन र इस्राएललाई उहाँकहाँ जम्मा गर्न गर्भदेखि नै रच्नुभयो किनकि परमप्रभुको दृष्टिमा म मानको गनिएको छु र मेरो परमेश्वर मेरो बल हुनुभएको छ-

६. उहाँ भन्नुहुन्छ: "याकूबका कुलहरूलाई फेरि पुनर्स्थापन गर्न र इस्राएलको बाँकी भागलाई फेरि फर्काई ल्याउन तँ मेरो दास हुने कुरो तेरो लागि अति सानो कुरो छ। पृथ्वीको पल्लो छेउसम्म तैले मेरो उद्धार पऱ्याओस् भनी अन्यजातिहरूकहाँ एउटा ज्योति पनि म तँलाई बनाउनेछु।"

# छनोटहरू

## CHOICES!



**बहिनी एन्जलिन सेल्भाकुमारी**

हाम्रा दैनिक जीवन धेरै छनोटहरूले भरिएका छन् । हरेक छनोटको आफ्नै परिणामहरू हुन्छन्। केही महत्वपूर्ण हुन्छन् र केही महत्वपूर्ण हुँदैनन्। केही छनोटहरू जीवन परिवर्तन हुने प्रकारका हुन सक्छन्, जस्तै पति वा पत्नीको छनौट, पेशा छान्ने छनौट, आदि। केहीचाहिँ सामान्य र दिक्कलाग्दो हुन्छन्, जस्तै के लगाउने भनेर छनोट गर्ने, के खाने, आदि । जब परमेश्वरले मानिस जातिलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई स्वतन्त्र इच्छाको साथमा सृष्टि गर्नुभयो । मानिस जातिमा छनोट गर्न सक्ने शक्ति हुन्छ, दुवै असल र खराब । तापनि, परमेश्वरले हामीलाई सधैं निर्देशनहरू दिनुहुन्छ, साथै आफ्ना आशाहरू अगाडि राख्नुहुन्छ तर उहाँले चाहनुभएको कुरा छनोट गर्न हामीलाई कहिल्यै बाध्य पार्नुहुन्न। हाम्रो निम्ति उहाँले योजना गर्नुभएको कुरालाई हाम्रो आफ्नै स्वतन्त्र इच्छाले हामीले छानेको परमेश्वरले चाहनुहुन्छ ।

ब्रम्हाण्डका हाम्रा परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँलाई प्रेम गर्न र उहाँलाई चिन्न पनि छान्नलाई स्वतन्त्रता दिनुभएको छ। कुनै पनि परिस्थितिमा हाम्रो सर्वोच्च परमेश्वरले उहाँलाई छनोट गर्न हामीलाई दबाब दिनुहुन्न। उहाँले सधैं मानिस जातिसँग सम्बन्ध कायम राख्न चाहनुहुन्छ तर त्यसको लागि उहाँले दबाब दिनुहुन्न, त्यसको साटो हामीले उहाँलाई अझ धेरै जान्ने छनोट नगरेसम्म उहाँले धैर्यताका साथ पर्खनुहुन्छ।

*बाँकी पृष्ठ ३ मा*


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

## तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


CHIEF EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

ADMINISTRATION

Bro. N. Prakasam, M.A., General Manager
Dr. Rabinder Boaz, M.S.
Bro. K. Puratchivendan

EDITORIAL BOARD

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran



EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

E.mail ID

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

YOUTUBE CHANNEL

Echo of His Call


**...आफ्नै मुखले बोल्नुभएको प्रतिज्ञा आफ्नो हातले पूरा गर्नुभएको छ... (१ राजा ८:१५) ।**

ख्रीष्टमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

गएको महिनाको **बोलावटको प्रतिध्वनि** पत्रिका पढिसकेपछि धेरै मानिसहरूले हाम्रो लेखहरूको प्रशंसा गर्नुभएको छ । हामी ती हरेक जनालाई धन्यवाद दिन्छौं । आफ्नो हृदयको गहिराइबाट हामीलाई वास्तवमै प्रेम गर्ने र आफ्नो प्रार्थना र असल सल्लाहको साथमा हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका र अन्य सेवकाइहरूमा सहायता गर्ने परमेश्वरका सम्पूर्ण मानिसहरूप्रति हामी हाम्रो विनम्र कृतज्ञता जनाउन चाहन्छौं ।

हामीले तपाईंलाई आफ्नो इमेल ठेगानाहरू पठाउन भनेका थियौं । तपाईं जोजसले हामीलाई आफ्नो इमेल ठेगाना पठाउनुभएको छ, हामीले तपाईंकै इमेल ठेगानामा पनि हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका पठाउनेछौं । त्यसका अतिरिक्त, हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिकाहरू १६ वटा भिन्दै भाषाहरूमा रिलिज हुनेबित्तिक्कै हाम्रो वेबसाइट www. Echoofhiscall.org मा अपलोड गरिन्छ । तपाईंले त्यहाँबाट पनि सीधै पढ्न सक्नुहुन्छ । तपाईंले चाहनुहुन्छ भने तपाईंले त्यो डाउनलोड गर्न सक्नुहुन्छ र आफ्नो प्रति लिन सक्नुहुन्छ र पढ्न सक्नुहुन्छ । चिन्ता नगर्नुहोस् । यी सबै तरिकाहरूमा तपाईंले निश्चय नै नियमित रूपमा **बोलावटको प्रतिध्वनि** पत्रिका प्राप्त गर्नुहुनेछ ।

अन्तर्राष्ट्रिय युवायुवती र बालबालिकाको निम्ति हरेक रात १० बजे हामीले प्रदान गरेका प्रार्थनाहरू हाम्रा पाठकहरूले स्वीकार गर्नुभएको छ र हामीले सर्वशक्तिमान परमेश्वरबाट असल जवाफहरू पनि प्राप्त गरेका छौं । परमप्रभुलाई प्रशंसा भएको होस् ।

हामीले अत्यन्तै तिब्र गतिमा काम गरेका छौं । अघिल्लो मई महिनाको समयमा **भेकेसन बाइबल स्कुल** ( **भिबिएस**) कक्षाहरू बालबालिकाहरूका निम्ति संचालन गरिएका थिए । हाम्रो **नहेम्याह बाइबल कलेजको** दीक्षान्त समारोह विशेष तरिकामा ३ जून २०२३ मा मनाइएको थियो । ५ जून २०२३ मा **नहेम्याह बाइबल कलेज** र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** शैक्षिक सत्र २०२३-२४ पनि सुरु भएको थियो । कक्षाहरू नियमित र प्रभावकारी रूपमा संचालन भएको होस् भनेर कृपया प्रार्थना गरिदिनुहोस् । साथै हाम्रो लागि पनि प्रार्थना गरिदिनुहोस् ।

हाम्रो यूट्यूब च्यानलबाट हरेक बिहान ५ बजे अंग्रेजी, हिन्दी तामिल र तेलगू भाषामा ५ मिनेटको सन्देश प्रसारण भएको छ । तपाईंको मोबाइलमा हाम्रो मोबाइल नम्बर ९८४१० ७१८५८ मा सेभ गर्नुहोला । यो सेवकाइको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त गर्न सहयोगी हुनेछ । कृपया, हाम्रो **Echo of His Call YouTube Channel** सब्स्क्राइब गर्नुहोला ।

प्रविधिहरूबाट समय बितिरहेको हुनाले हामीलाई मन परे पनि मन नपरे पनि हामी पनि यसैको साथमा दौडनु परेको छ । सबै मानिसहरूका बीचमा सुसमाचार कुनै पनि तरिकामा पुग्न सकेको होस् । परमेश्वरलाई महिमा होस् । आमेन ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Media Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

*पृष्ठ १ बाट*

याकूब ४:८ मा बाइबलले भन्दछ, **परमेश्वरको नजिक आओ र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ...** । सोही समयमा बाइबलले हामीलाई भन्दछ कि हामीले उहाँलाई छानेनौं, येशू खीष्टले हामीलाई छान्नुभयो - **मलाई तिमीहरूले चुनेनौ तर मैले तिमीहरूलाई चुनें...** (यूहन्ना १५:१६) । अनि हामीलाई सबैभन्दा पहिले प्रेम गर्ने उहाँ हुनुहुन्थ्यो - **...किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो** (१ यूहन्ना ४:१९) । परमेश्वरलाई छान्न वा उहाँलाई प्रेम गर्न परमेश्वर आफैंले हामीलाई कहीं पनि दबाव दिनुभएको छैन । हामीलाई स्वतन्त्र इच्छा दिनुहुने उहा सधैं भद्र परमेश्वर हुनुहुन्छ । सबैलाई अवसर दिइएको छ, केहीले मात्रै दिइएको अवसर लिन्छन् र त्यसलाई प्रयोग गर्छन् ।

बाइबलका केही प्रमुख चरित्रहरूले लिएका केही छनोटहरूका बारेमा हामीले मनन गरौं ।

## दुई चोरहरू

येशू खीष्टको दुवैतिर क्रूसमा टाँगिएका दुई चोरहरूको उदाहरण लेऔं, एक जनाले भन्यो, **... प्रभु जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ, मलाई सम्झनुहोस्** (लूका २३:४२) । येशू खीष्टले जवाफ दिनुभयो, **... तिमी आजै स्वर्गलोकमा मसँग हुनेछौ** (लूका २३:४३), जबकि अर्कोले आफ्नो जीवनको अन्तिम क्षणमा पनि येशू खीष्टलाई गिल्ला गर्ने निर्णय गऱ्यो । जब एउटा चोरले पश्चात्ताप गऱ्यो र परमेश्वरलाई आफूलाई सम्झन भन्यो, अर्कोले त्यो अवसर गुमायो र येशू खीष्टलाई दोष्याउन निरन्तरता दियो र गल्ती खोज्न थाल्यो । ती दुवैले गरेका छनोट त्यस्तो थियो । तीमध्ये कसैलाई पनि कसैले दबाव दिएको थिएन तर त्यो जीवन परिवर्तन गर्ने छनोट/क्षण बनेको थियो, केवल सम्झिएको चाहना गर्ने चोरको निम्ति मात्रै होइन तर हामी सबै जनाको लागि । त्यसकारण, हामीले यसको बारेमा २०२३ मा कुराकानी गरिरहेका छौं ।

## कप्तान

खीष्टको क्रूसीकरणको दिनमा धेरै जना कप्तान काममा नै थिए, जसले परमेश्वरको थुमाको



भयानक मृत्युको गवाही थिए । उहाँ भिन्दै हुनुहुन्थ्यो भनेर तिनीहरूले देख्न सकेका थिए तर एक जना मानिसबाहेक उहाँ को हुनुहुन्थ्यो भन्ने कुरा स्वीकार गर्न वा उहाँलाई ग्रहण गर्न कसैले पनि चाहना गरेको थिएन । येशू खीष्टको गोडामा एक जना कप्तान थियो, जब उहाँलाई कलवरीमा क्रूसमा किला ठोकिएको थियो । तिनले भने, **... साँच्चै, उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो** (मत्ती २७:५४) । खीष्ट को हुनुहुन्थ्यो भनेर उसले खुलमखुल्ला स्वीकार गरेको थियो । यस्तो भनाइ राख्न धेरै साहस र निडरताको आवश्यकता हुन्छ । आज पनि हाम्रा दाजुभाइ तथा दिदीबहिनी आफ्नो विश्वासको कारण सतावटमा परेका छन्- अपमान गरिएका, कैदमा परेका, नाङ्गो पारेर पिटिएका, आफ्नै मानिसहरूले शर्ममा पारेका, आगोले जलाइएका, आफ्ना अग्रज अभिभावकहरूबाट यातना पाएका, आदि । तर यी सबै सहँदै तिनीहरू विश्वासको जाँचमा खडा भएका छन् । **कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने ? के सङ्कष्टले अथवा दु:खले वा खेदोले वा अनिकालले वा नग्नताले अथवा खतराले वा तरवारले** (रोमी ८:३५) ? पावलले भनेका कुरा तिनलाई भन्न कसैले दबाव दिएको थिएन तर त्यो तिनले गरेको छनोट थियो ।

## पिलातस

येशू खीष्टको निम्ति जीवन परिवर्तन गर्ने निर्णय गर्न सक्ने ठूलो शक्ति भएको अर्को मानिस पिलातस थिए तर मानिसहरूको निगाह प्राप्त गर्न, असल इज्जत कमाउन र यहूदीहरूको असल पुस्तकमा हुनको लागि तिनले गर्नुपर्ने काम गर्न तिनी असफल भए । बाइबलले भन्दछ, **जो-जसलाई भलाइ गर्नुपर्छ, तेरो हातमा भइन्जेल त्यो नरोक्** (हितोपदेश ३:२७) । **त्यसकारण, मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दै जाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्** (गलाती ६:१०) । फेरि पनि, यो हामीलाई दिइएको छनोट हो र असल काम गर्न बाइबलले हामीलाई विवेकी निर्णय गर्न निर्देशित गरेको छ । सावधानीपूर्वक गरिएको छनोट ।

परमेश्वरले तपाईंलाई त्यस्तो पद वा स्थानमा राख्नुभएको छ जहाँ तपाईंले तोडिएकाहरू, खाँचोमा परेकाहरू, असहायहरू, शक्तिहीनहरू, घरबारबिहीनहरू, शारीरिक तथा मानसिक रूपमा अपांग भएकाहरूलाई सहायता गर्न सक्नुहुन्छ भने तिनीहरूलाई सहायता गर्ने छनोट गर्नुहोस् । हामीलाई सही कारणको निम्ति लड्ने विजयीहरूको खाँचो छ । मदर टेरेसा त्यस्तो अचम्मको स्त्री हुनुहुन्थ्यो, जसले आफ्नो सम्पूर्ण जीवन कमजोर र रोगीलाई सहायता गर्न बेचिदिएकी थिइन् । एमी कार्माइकल विजयी थिइन्, जसले जवान स्त्रीहरूका अधिकारहरूका निम्ति लडेकी थिइन् । समाजका कमजोर क्षेत्रलाई सहायता गर्न तिनीहरूले जे गर्न सक्थे, तिनीहरूले त्यही नै गरे । अर्कोतिर, मानिसहरू आफूप्रति यति केन्द्रित भएका छन् कि तिनीहरूसँग आफ्ना सहकर्मी दाजुभाइ तथा दिदीबहिनीहरूका निम्ति समय हुँदैन भन्ने कुरा देख्दा दु:ख लाग्छ । अनि हामीले यही कुरा मण्डलीमा पनि देख्छौं, जुन अझै निरासामय छ । यो कुरालाई परिवर्तन गर्न परमेश्वरले हामीलाई अनुग्रह गरून् र हामी परिवर्तन होऔं ।

येशू खीष्ट दोषरहित हुनुहुन्थ्यो भनेर पिलातसलाई थाहा थियो र उहाँलाई छोडिदिने छनोट तिनीसँग थियो । मेरो विचारमा तिनले वास्तवमै येशू खीष्टलाई छोडिदिन चाहन्थे । तापनि, तिनले सार्वजनिक रूपमा त्यस्तो गर्न चाहँदैनथे । पिलातसले येशू खीष्टलाई दिन मानिसहरूले भन्नेछन् भन्ने आशाको साथमा बरब्बा वा येशू खीष्टमध्ये एउटालाई छोडिदिने छनोट गर्न मानिसहरूलाई दिने अत्यन्तै रणनैतिक योजना बनाएका थिए । तर अन्त्यमा तिनीहरूले बारब्बा मागे । फेरि पनि, पिलातसले अवसर गुमाएका थिए तर यहूदीहरूले गलत कारणको निम्ति



त्यसलाई अत्यन्तै राम्रो तरिकाले प्रयोग गरे । गुमाएका अवसरहरू ।

हामीमध्ये कति जनाले अवसरहरू गुमाएका छौं किनभने जब हामीले छनोट गर्नुपरेको थियो, हामी असफल भएका थियौं । तर अनुग्रहपूर्वक, हामीलाई दोस्रो अवसर दिने परमेश्वर हामीसँग हुनुहुन्छ । हामीले त्यसलाई गुमाए पनि परमेश्वर सधैं अर्को ईश्वरीय योजनाको साथमा आउनुहुन्छ । परमेश्वरको प्रेम त्यस्तो छ । हुन सक्छ, तपाईं बसिरहनुभएको छ र सोचिरहनुभएको छ, म यो काम गर्न सक्छ, म त्यो काम गर्न सक्छु तर मेरो उमेर गएको छ, मेरो शक्ति गएको छ, वर्षहरू व्यर्थ खेर गएका छन् ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, तपाईंले आफ्नो समय खेर फाल्नुभएको छ र अब अहिले त्यो गर्न अत्यन्तै ढिला भइसकेको छ भनेर तपाईंले सोचिरहनुभएको छ भने परमेश्वरको राज्यमा त्यो कहिल्यै ढिलो हुँदैन । परमेश्वरको समय सिद्ध हुन्छ । जब मोशा ४० वर्षका थिए, परमेश्वरले तिनलाई प्रयोग गर्न चाहनुभएन तर ८० वर्षको उमेरमा उहाँले चाहनुभयो । कालेब आफ्नो ८० वर्षको उमेरमा भूमिको निम्ति लडाइँ गर्न र विजय गर्न शक्ति थियो । तपाईंको खेर गएको वर्ष येशू ख्रीष्टलाई दिनुहोस् र उहाँले त्यसलाई सुन्दर बनाउनुहुनेछ । म एउटा पुरानो गीत सम्झन्छु । "येशूलाई सबै थोक देऊ । टुक्रिएका सपनाहरू, चोट पाएको हृदय, तोडिएका खेलौनाहरू । ती सबै येशूलाई देऊ । किनभने उहाँले तपाईंका शोक आनन्दमा परिणत गर्नुहुनेछ ।" सबै थोक येशूलाई दिन सिकौं ।

# पत्रुस

पत्रुस येशू ख्रीष्टको पहिलो चेलाहरूमध्ये एक जना थिए । येशू ख्रीष्टको बनिएका भित्री वृत्तका तीन जना चेलाहरूमध्ये एक जना पत्रुस पनि थिए । येशूको जीवनको सबैभन्दा महत्वपूर्ण घटनाहरूमा पत्रुस येशूको साथमा थिए, येशूको रूप परिवर्तन भएको डाँडामा पनि तिनी ख्रीष्टको गवाही भएका थिए ।

पत्रुसको चरित्र मलाई मन पर्छ । ठूलो उत्कट चाहना र साहस भएको मानिस थिए । तिनले येशूको रूप परिवर्तन भएको समयमा येशू ख्रीष्ट, मोशा र एलियाको निम्ति पाल बनाउन चाहेका थिए । जब येशू ख्रीष्टले आफ्नो भयानक मृत्युको बारेमा बताउनुभयो, भावनात्मक रूपमा सबैभन्दा पहिले बोल्ने पत्रुस थिए र भने **प्रभु, तपाईंसँग कैद र मृत्युमा जान म तयार छु** (लूका २२:३३) । तिनी धेरै रक्षात्मक र रिसालु मानिस थिए । जब येशू ख्रीष्टलाई पक्राउ गर्न सैनिकहरू आएका थिए, तिनी रिसाए र सैनिकको कान काटिदिए । हरेक तरिकामा पत्रुस अत्यन्तै भावनात्मक मानिस थिए, जुन हामी सबैले महसुस गर्न सक्छौं । कुनै पनि परिस्थितिमा तिनी पहिलो हुने चाहना गर्थे र तिनी सधैं सक्रिय हुन्थे ।

पत्रुस मानिस केन्द्रित मानिस थिए । तिनको भाइ आन्द्रियससँग तिनको घनिष्ट सम्बन्ध भएको हुनुपर्छ किनकि जब आन्द्रियसले येशू ख्रीष्टसाग भेट गर्न तिनलाई बोलाए, तिनी कृतज्ञ भएका थिए । तिनीहरूले आफ्नो दाजुभाइको प्रतिस्पर्धा पनि बाँडेको हुनुपर्छ । हामीले पत्रुसको सासूको बारेमा पनि पढ्छौं, जसले तिनी अत्यन्तै पारिवारिक मानिस हुन् भनेर देखाउँछ । पत्रुस उद्देश्यले चलाएको व्यक्ति पनि थिए । येशू वास्तवमा को हुनुहुन्छ, येशू ख्रीष्ट आउन लाग्नुभएको मसीह हुनुहुन्थ्यो भनेर पहिचान गर्दै तिनले चिनेका थिए । हामीले तिनको सेवकाइमा पछि यी चरित्रहरू पनि देख्छौं ।

येशू ख्रीष्टलाई यस्तो धेरै आदर गर्ने यो समर्पित, प्रेमिलो, उत्कट चाहनाले भरिएको, मानिसलाई प्रेम गर्ने व्यक्तिले अचानक कसरी येशू ख्रीष्टलाई इन्कार गरे ? एक पटक मात्रै होइन तर तीन पटक, त्यो पनि प्रभु आफैंले त्यसको बारेमा चेतावनी दिनुभए पनि । तिनले उहाँलाई धोका मात्रै दिएनन्, उहाँलाई श्राप पनि दिए । जब

....Contd. to page 6


## RESIDENTIAL BIBLE COURSE
**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

Medium : Hindi

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years

Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years

Qualification : 10th Standard & above
Rush for admission!

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**प्रार्थनाको अनुरोध** - From 2023 July 19 To August 18

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

जूलाइ १९: हाम्रा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सका** सबै क्रियाकलापहरूका निम्ति ।

जूलाइ २०: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूमाथि दिनुभएको आशिष्को निम्ति ।

जूलाइ २१: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेज** कोर्सहरूका निम्ति नयाँ विद्यार्थीहरू प्राप्त गर्न हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभएको निम्ति ।

जूलाइ २२: मिसनरी कर्मचारीहरूकाबाट आएका महान् समर्पणताको निम्ति ।

जूलाइ २३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

जूलाइ २४: मुख्य मण्डली तथा शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर सदस्यहरूमाथि आशिष्को निम्ति ।

जूलाइ २५: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा यसको निरन्तर संचालनको निम्ति ।

जूलाइ २६: १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामाथि उहाँको प्रशस्त आशिष्को निम्ति ।

जूलाइ २७: धेरै नयाँ विश्वासीहरूका साथमा हाम्रो मुख्य मण्डलीमाथि आशिष्को निम्ति ।

जूलाइ २८: बालाजी नगर, सान्थोसापुरम र भेलाचारीमा हाम्रो आइतवारको सेवाहरूमा नयाँ विश्वासीहरूका निम्ति ।

जूलाइ २९: शैक्षिक सत्र २०२३-२०२४ को निम्ति **नहेम्याह बाइबल कलेज र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** भर्नामा आशिष् दिनुभएको निम्ति ।

जूलाइ ३०: हाम्रो ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा आशिष् दिनुभएको निम्ति ।

जूलाइ ३१: सुसमाचार नपुगेका मानिसहरूका बीचमा पुग्न **यूट्यूब सेवकाइको** ५ मिनेट सन्देशमाथि दिनुभएको आशिष्को निम्ति ।

अगस्त १: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई आशिष् दिनुभएको निम्ति ।

अगस्त २: समर्पित ख्रीष्टियान शिक्षकहरू र प्रधानाध्यापक पाउन हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमाथि** दिनुभएको आशिष्को निम्ति ।

अगस्त ३: हाम्रा मण्डलीहरूका पास्टरहरू र अधिकारीहरूका निम्ति ।

## कृपया प्रार्थना गरौं...

अगस्त ४: मानिसहरूमाथि फेरि एक पटक परमेश्वरको अनुग्रहर वर्षिएको होस् ।

अगस्त ५: प्रभुमा निरन्तर रहन र हाम्रमे मण्डलीमा नियमति उपस्थिति हुन **भेकेसन बाइबल स्कुल (भीबिएस)** मा येशू ख्रीष्टको प्रेमद्वारा सैयौं बालबालिकालाई छोइएको होस् ।

अगस्त ६: मिसनरीहरू र परमेश्वरका सेवकहरूका विरुद्ध हुने हिंसा रोकिएको होस् ।

अगस्त ७: संसारबाट कोरोना ज्वरो उन्मूलन भएको होस् ।

अगस्त ८: परिवारहरूलाई अलग्याउने शैतानको दुष्ट काम नष्ट भएको होस् ।

अगस्त ९: परमेश्वरका सन्तानमाथि आत्मिक र सांसारिक आशिष् भएको होस् ।

अगस्त १०: आज हाम्रो **बोलावटको प्रतिध्वनिका सेवकाइहरू** आफ्नो ५५ औं वर्षमा प्रवेश गरेको छ ।

अगस्त ११: संसारमा आइरहेको आर्थिक मन्दीको अन्त्य भएको होस् ।

अगस्त १२: हाम्रो सेवकाइका आर्थिक आवश्यकताहरू पूरा हुन सकेको होस् ।

अगस्त १३: संसारका सबै मानिसहरूका आवश्यकताको निम्ति ।

अगस्त १४: हाम्रो बङ्गाली डिटिपी अपरेटर भाए इन्द्रजीत रोयको चङ्गाइको निम्ति ।

अगस्त १५: हाम्रा कर्मचारीहरू र उहाँका परिवारका सदस्यहरूको स्वास्थ्यको निम्ति ।

अगस्त १६: हरेक बिहान ५ बजे ५ मिनेटको लागि यूट्यूबमा प्रसारण हुने **मिडिया सेवकाइको** निम्ति ।

अगस्त १७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति ।

अगस्त १८: कोहा सफ्टवेयरमा राखिएका **नहेम्याह बाइबल कलेज** पुस्तकालयका पुस्तकहरूको अपडेटको निम्ति ।

....Contd. from page 4

हामीले यो कुरालाई पढ्छौं, यस्तो नराम्रो मानिस बनेको हुनाले हामीले पत्रुसलाई न्याय गर्न र दोष्याउन सुरु गर्न सक्छौं। तर एक पटक हामीले विचार गरौं, हाम्रा कार्य, वचन र विचारद्वारा समर्पित, ख्रीष्टको समर्पित चेलाको रूपमा हामीले कति पटक येशू ख्रीष्टलाई इन्कार गरेका छौं। मानिसहरूले यस्तो भनिरहेको मैले सुनेको छु, “म चिप्लिएको थिएँ, त्यो एकै क्षणको समयमा भएको थियो।” हामीमध्ये कति जनाले पत्रुसले गरेको काम एकै क्षणको समय थियो भनेर वास्तवमै विचार गर्छौं ? परमेश्वरको यस ठूला प्रेरितको शत्रुको रूपमा गलत रूपमा नलेऔं, त्यसको विपरीत, हामी सबै जनाले तिनको जीवनबाट पाठ सिक्नुपर्छ।

यो त्यो समयमा घटेको केही कुरा हो वा त्यो प्रक्रिया थियो भनेर के तपाईंले सोच्नुहुन्छ ?

यति धेरै समर्पित, प्रेमिलो, उत्कट चाहनाले भरिएको र उद्देश्यले प्रेरित भएको मानिसको निम्ति येशू ख्रीष्टलाई धोका दिनु सजिलो थिएन भनेर म विश्वास गर्छु। यो सबै कहिले सुरु भएको थियो भनेर तपाईंले विचार गर्नुहुन्छ ? यो सबैको सुरुवात मत्ती २६:५८ अनुसार पत्रुसले येशू ख्रीष्टलाई टाढैबाट पछ्याउन सुरु गरेको समयदेखि भएको थियो।

बाइबलले सुन्दरतापूर्वक बताउँछ, पत्रुसले टाढैबाट येशू ख्रीष्टलाई पछ्याउन सुरु गरेका थिए। हामीमध्ये धेरैले येशू ख्रीष्टलाई प्रेम गर्छौं, उहाँले दिनुभएको आशिष्मा आनन्द गर्छौं। हामीलाई जुटाउनुहुने र सुरक्षाकर्ताको रूपमा हामीले उहाँलाई चिन्नु महान् कुरा हो तर हामीले उहाँसँग सामिप्य भएर पछ्याउन हिचकिचाउँछौं र उहाँलाई टाढैबाट पछ्याउन आरामदायी मान्छौं। जब हामीले उहाँलाई टाढैबाट पछ्याउँछौं, हामीमध्ये केहीले यो सुरक्षित छ भनेर महसुस गर्छौं किनकि उहाँले हामीबाट धेरै कुराको माग गर्नुहुनेछैन। ख्रीष्टको बलियो चेलाको रूपमा मानिसहरूले हामीलाई चिन्नेछैनन् र हामीले परमेश्वर र संसार दुवैको मीठो स्वाद लिन सक्छौं। त्यो अत्यन्तै रोचक सम्झौता हो। प्रिय मित्रहरू, बाइबलले याकूब ४:४ मा हामीलाई सिकाउँछ कि हामी एकै समयमा संसारको र परमेश्वरको मित्र बन्न सक्दैनौं, **व्यभिचारी**

प्रिय मित्रहरू, बाइबलले याकूब ४:४ मा हामीलाई सिकाउँछ कि हामी एकै समयमा संसारको र

परमेश्वरको मित्र बन्न सक्दैनौं, **व्यभिचारी**

**मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन** ? यहाँ कुनै बीचको बाटो छैन। तपाईं संसारको पक्षमा वा परमेश्वरको पक्षमा हुनै पर्छ। हामी परमेश्वरको पक्षमा छैनौं भने यसको अर्थ हामी स्वतः परमेश्वरको शत्रु बनिसकेका हुन्छौं। त्यसकारण, कुनै पनि व्यक्ति अत्यन्तै आत्मिक र धार्मिक भए पनि, उसले येशू ख्रीष्टलाई टाढैबाट पछ्याउने निर्णय गर्दछ भने त्यो खतरनाक स्थान हुन सक्छ।

आज ख्रीष्टसँग तपाईंको हिँडाइ कस्तो छ ? के तपाईंले टाढैबाट येशू ख्रीष्टसँग हिँडिरहनुभएको छ वा के तपाईं येशू ख्रीष्टसँग घनिष्ट भएर हिँडिरहनुभएको छ ? हामी सबैले गर्नुपर्ने छनोट यही नै हो। पहिले नै उल्लेख गरिएअनुसार येशू ख्रीष्टले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँले कहिल्यै पनि कुनै काम गर्न हामीलाई बाध्य पार्नुहुन्न तर उहाँले हामीलाई स्वतन्त्र चाहना दिनुभएको छ। तापनि उहाँले आफ्नो चाहना व्यक्त गर्नुहुन्छ, **तिमीहरू ममा रह्यौ भने र मेरा कुरा तिमीहरूमा रहे भने तिमीहरूलाई जे इच्छा लाग्छ, माग र त्यो तिमीहरूका निम्ति गरिनेछ** (यूहन्ना १५:७)। यस कुराले हामीलाई परमेश्वरसँग घनिष्ट भएर हिँड्नुको महत्व सिकाउँछ।

प्रिय मित्रहरू, हामी बस्ने संसार अत्यन्तै जटिल र माग गर्ने प्रकारको छ। हाम्रो काम, हाम्रो परिवार र व्यक्तिगत जीवन व्यवस्थापन गर्न आफैंमा चुनौतिमय छ। कहिलेकाहीँ निरासा, चोट, धोका, अलगपन, मृत्यु, पछाडि कुरा काट्नेजस्ता हाम्रो जीवनमा हामीले सामना गर्ने कुराहरूले मानसिक थकान ल्याउन सक्छ। मलाई थाहा छैन, तपाईंमध्ये कति जना यस्तै प्रकारको अवस्थामा हुनुहुन्छ, हुन सक्छ, तपाईंले भनिरहनुभएको छ, “कोही अरूले गरेको निर्णयको परिणामको रूपमा मैले जीवन जिइरहेको छु, म यसको योग्य छैनँ।” यहूदाजस्तै यस कुराले तपाईंलाई येशू ख्रीष्टलाई पछ्याउन रोकेको छ वा पत्रुसजस्तै टाढैबाट येशू ख्रीष्टलाई पछ्याइरहनुभएको छ। तर मुख्य कुराचाहिँ यी दुवै कुरा खतरनाक छन्।

येशू ख्रीष्टलाई पत्रुसको इन्कार अचानक भएको थिएन, त्यो सुस्त प्रक्रिया थियो। येशू ख्रीष्ट पक्राउ पर्नुभएको क्षणमा नै तिनीहरूको भविष्य के हुन लागेको भन्ने भय हरेक जनामा परेको थियो। सोही समयमा आफ्नो स्वामीलाई के हुन लागेको छ भनेर पत्रुसले जान्न चाहेको थियो, त्यसैले तिनले उहाँलाई टाढैबाट पछ्याउने निर्णय गरेको थियो।

....Contd. to page 9

**The Lord has done great things for us, whereof we are glad – Psalm 126:3.**

ECHO OF HIS CALL
Ministries

55th ANNIVERSARY
(1969 - 2023)

Place:
ECHO OF HIS CALL
10, MOHAMMED ABDULLAH 2ND STREET,
CHEPAUK, CHENNAI - 600 005, INDIA.

Special Progammes on
11.08.2023, Friday
12.08.2023, Saturday
13.08.2023, Sunday

Special message :
Pastor ANGELINE SELVAKUMARI

Please Pray!

Contact: Pastor S. Sam Selva Raj, (+91) 98410 71852

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभा: : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोन्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका: अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्द्ध, सिन्हाला र अफ्रिकी भाषामा।
४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय)
५. ईश्वरशास्त्र पत्राचार कोर्स: तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल)
७. तालिम कार्यक्रम
८. क्रुसेडहरू
९. साहित्य वितरण र अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| १३. **तमिल सेवा:** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **हिन्दी सेवा:** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **तेलगू सेवा:** | **आइतवार साँझ ५:०० बजे** |
| १६. **अङ्ग्रेजी र तमिल सेवा:** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्श: | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थना: | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययन: | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थना: | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठक: | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगति: | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोज: | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठक: | पहिलो शनिवार सांझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थना: | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थना: | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थना: | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवा: | दोस्रो आइतवार सेवा |
| 29. Youth / Kid Prayer | 10.00 p.m. daily |
| ३०. कर्मचारी आराधना सेवा: | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समय: | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## मेरो जीवनमा उहांको अगुवाइ र बुद्धि HIS GUIDANCE AND PROVIDENCE IN MY LIFE!

उहाँको भय मान्नेहरु सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ (भजनसंग्रह १४५:१९)।

सन् १९८२ मा चेपकाउ, चेन्नाइ (मद्रास) भन्ने स्थानमा मण्डली सेवकाइ सुरु गर्न सक्षम बनाउनुभएर प्रभु येशू ख्रीष्ट मप्रति अत्यन्तै अनुग्रही हुनुभएको थियो । मण्डलीको सुरुवातदेखि नै आर्थिक अपर्याप्तताका साथै सो क्षेत्रका ख्रीष्टियान विरोधी साथीहरूका विरोध र डाहको कारण मण्डलीले एउटा स्थानबाट अर्को स्थानमा सार्ने समस्या अनुभव गरिरहेको थियो ।

अन्त्यमा, हामी कुनै पनि भेन्टिलेसन नभएको घरको भित्री सानो कोठामा हाम्रो आइतवारे आराधना सेवा संचालन गरिरहेका थियौं । त्यो घरको मालिक प्रिय भाइ जर्जको थियो ।

एउटा विशेष आइतवारको दिनमा आराधना सेवकको समयमा प्रभुले अनपेक्षित रूपमा र आकस्मात आत्मामा सोही स्थानमा हाम्रोम मण्डलीको सेवाहरू संचालन गर्न हाम्रो आफ्नै स्थान भएको भवनको निम्ति उहाँमाथि विश्वास गर्न चलाउनुभयो । विश्वासीहरूको प्रार्थनाको सहायता खोज्नको लागि यो कुरा उनीहरूसँग बाँड्न पनि प्रभुले लगाउनुभयो । मैले प्रभुको आज्ञा पालन गरें र मण्डली सेवामा यो कुरा बाँडें ।

- मण्डलीमा भएका मानिसहरूले मेरो कुरालाई सुने र आफ्नो खिसी गर्ने हेराइले मलाई जिस्क्याउन सुरु गरे ।
- तिनीहरूले प्रश्न गरे, "हाम्रो कमजोर आर्थिक अवस्थाको आधारमा सम्पत्ति किन्न के वास्तवमै सम्भव छ ?"
- केही मानिसहरूले मलाई आत्मिक दबाब दिने प्रयास गरेर सोधे, "हामीसँग पैसा भए पनि यो घना क्षेत्रमा बिक्रीको निम्ति उपलब्ध भएको सम्पत्ति हामीले कहाँ पाउन सक्छौं ?"

केही साथीहरू गम्भीर र शंकास्पद प्रश्नहरूका साथमा अघि आउनुभयो, "परमेश्वरको इमानदार मानिसको निम्ति यस्तो अव्यावहारिक सन्देश परमेश्वरको नाउँमा मानिसहरूलाई बताउनु के सही कुरा हो ?"

यी तरिकाहरूद्वारा म विभिन्न अन्योलग्रस्त अवस्थाहरूमा गम्भीर रूपमा धकेलिएको थिएँ । विश्वासको बारेमा मेरो चुनौति स्वीकार गर्न मसँगै खडा हुन सक्ने एउटै पनि व्यक्ति पाउन म असमर्थ भएँ । अन्त्यमा, यस्तो निष्कर्षको साथमा सामान्य मानिसहरूले अन्त्य गरे, ख्रीष्टियान प्रचारकहरूसँग यस्ता स्वीकार गर्न नसकिने र अव्यावहारिक कथाहरू निरन्तर रूपमा बताइरहनुबाहेक अन्य केही काम छैन र तिनीहरूले मलाई कुनै पनि तरिकामा चिनेका थिएनन् ।

तर म निरास भएको थिइनँ । त्यसको विपरीत, प्रभुले मलाई सान्त्वना दिनुभयो र उहाँमा अझै बलियो रूपमा ढल्कन उहाँको अनुग्रह मलाई दिनुभयो, जो **हाम्रो विश्वास सुरु गर्ने र अन्त्य गर्ने हुनुहुन्छ** (हिब्रू १२:१) । परमप्रभु आफ्नो वचनको साथमा मेरो हृदयमा प्रवेश गर्नुभयो, **"ए कीरा याकूब, ए सानो इस्राएल, नडरा । किनकि म नै तेरो सहायता गर्नेछु," तँलाई उद्धार गर्नुहुने इस्राएलका परमपवित्र परमप्रभु घोषणा गर्नुहुन्छ । "हेर्, म तँलाई नयाँ र तीखा दाँत भएको अन्न कुट्ने हतियार बनाउनेछु । तैले पर्वतहरूलाई छाँट्नेछस् र कुटी-कुटी धूलोपीठो बनाउनेछस् र डाँडाहरूलाई भुस पार्नेछस्"** (यशैया ४१:१४,१५) ।

दिनहरू बित्दै गए । मेरा वरिपरि भएका सबै मानिसहरूका अघि परमेश्वरले मलाई आशिष् दिनुभयो र सोही स्थानमा उहाँको सेवकाइको निम्ति अचम्मको स्थान हाम्रो निम्ति अनुग्रहपूर्वक उपलब्ध गराउनुभयो, जहाँ परमेश्वरले विश्वास गर्न मलाई सक्षम बनाउनुभएको थियो ।

तर स्थान पाएपछि मेरो क्षेत्रका मानिसहरूले आशा गरेअनुसार मसँग सम्पत्ति किन्ने पैसा थिएन । मैले आफ्नो केही जानकार स्रोतहरूबाट सहायता प्राप्त गर्ने कोसिस गरें तर मलाई सहायता गर्न कोही पनि अघि आउनुभएन किनकि म आर्थिक रूपमा अत्यन्तै गरिब थिएँ । यो अवस्थामा सम्पत्ति खरिद गर्नको लागि मलाई व्यक्तिगत भवनको अग्रीम रकम प्रदान गर्न सरकार अगाडि आएको थियो किनकि त्यो समयमा म सरकारको निम्ति काम गरिरहेको थिएँ । यो कुरा प्राप्त गर्नको लागि परमेश्वरले अविश्वासी मित्र खन्नान र अर्को ख्रीष्टियान मित्र एम.पी.जेयाकुमारलाई प्रयोग गर्नुभयो । येशू ख्रीष्ट विश्वासयोग्य हुनुहुन्छ । येशू ख्रीष्ट सारा समय असल हुनुहुन्छ । सारा समय येशू ख्रीष्ट भलो हुनुहुन्छ । हामीसँग कस्तो अचम्मको परमेश्वर हुनुहुन्छ । **अहो, चाखेर हेर परमप्रभु कस्तो भलो हुनुहुन्छ...** (भजनसंग्रह ३४:८) ।

आज पनि, जब म यी सन्देश लेख्छु, म तपाईंलाई भन्न सक्छु कि मेरो जीवन कठिन र चुनौतिले भरिएको छ । १६ वटा भाषाहरूमा **बोलावटको प्रतिध्वनि** मासिक पत्रिकाहरू, ३ वटा भाषाहरूमा

बाइबलकोर बाइबल पत्राचार र तालिम कोर्सहरू, **नहेम्याह बाइबल कलेज,** हरेक आइतवार ७ वटा आराधनाको सेवाहरूको साथमा मुख्य मण्डली, **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** (गाउँको हाई स्कुल), सुसमाचारीय छापाखाना र यी सबैमाथि भएका सबै प्रशासनिक कार्यालयहरू, आदि परमेश्वरले दिनुभएको सेवकाइहरूलाई चलाउनको निम्ति मेरो दैनिक जीवनमा धेरै कठिनाइहरू र बताउन नसकिने कष्टहरूबाट म थिचिएको छु। मेरो सेवकाइ र प्रशासनिक जीवनमा मैले भिन्दै प्रकारका बताउन नसकिने र बताउन नमिल्ने कठिनाइहरू, चुनौतिहरू र असफलताहरू सामना गरेको छु।

मैले अनिँदो रातहरूको अनुभव गरेको छु र मैले सुत्न चाहना नगरेका रातहरू पनि। यो अन्धकार, दुष्ट दबाबहरू र आशाहीनताले भरिएको संसारमा साँचो मित्रको रूपमा प्रभु येशू ख्रीष्ट मात्रै विश्वासयोग्य र योग्य हुनुहुन्छ भनेर मैले सिकेको छु। किनभने मेरो जीवनमा मैले उहाँको अगुवाइ र उपलब्धताको अनुभव गर्न पाएको छु। तल दिइएको प्रख्यात भजनका लाइनहरू मेरा अनुभव हुन्:

***अगुवाइ गर्नुहोस्, ज्योति, समस्याले घेरिएको अवस्थामा, मलाई तपाईंले अगुवाइ गर्नुहोस् ।***

***रात अन्धकार छ र म घरबाट टाढा छु, तपाईंले मलाई अगुवाइ गर्नुहोस्***

***मलाई तपाईंको चरणमा राख्नुहोस्, मलाई हेर्न म सोध्दिनँ टाढाका दृश्य, मेरो निम्ति एक कदम पर्याप्त छ ।***

मेरो दैनिक जीवन परीक्षाहरू र कठिनाइहरूले भरिएको छ भनेर मलाई थाहा छ। तर मसँग निश्चयता छ, जब यो संसारमा मेरो काम पूरा हुन्छ, म आफ्नो स्वर्गीय घरमा प्रवेश गर्नेछु र उत्तराधिकार पाउनेछु र मेरो स्वामी येशू ख्रीष्टलाई आमनेसामने भेट्नेछु र उहाँको स्वर्ण अनुहारमा अंकमाल गर्नेछु र यो संसारमा मैले गरेका अनुभवहरू बाँड्नेछु। म त्यो अचम्मको दिनलाई व्यग्रताको साथमा पर्खिरहेको छु। त्यो महान् दिन हुनेछ। त्यो दिन सबैभन्दा आशिषित दिन हुनेछ।

**प्रिय मित्रहरू, के तपाईंमा यस्तो आशा र चाहना छ ?**

***

....Contd. from page 6

के तपाई पत्रुसजस्तै हुनुहुन्छ, येशू ख्रीष्टलाई टाढैबाट पछ्याउने ? तपाईंले महसुस गर्नुभएको हुन सक्छ, जब म परमेश्वरसँग घनिष्ट भएर हिँड्छु, अपेक्षाहरू उच्च हुन्छन् र त्यसकारण, म पनि टाढै रहनु ठीक हुन्छ। हामीमध्ये केही मण्डलीमा आउँछौं तर मण्डलीमा संलग्न हुन चाहँदैनौं, हामीमध्ये धेरै जना मण्डलीमा जान पनि चाहँदैनौं र केही चाहिँ घरमा नै रहन्छन् र प्रार्थना गर्छन्। हामीमध्ये केहीचाहिँ आवश्यकतामा मात्रै येशू ख्रीष्टसँग कुराका गर्छौं अन्यथा उहाँको निम्ति हामीसँग कुनै समय हुँदैन।

येशू ख्रीष्टलाई टाढैबाट होइन तर उहाँसँग घनिष्ट भएर उहालाई पछ्याउन आज म तपाईंलाई उत्साह दिन्छु। परमेश्वरसँग मानिसलाई एकतामा ल्याउन उहाँ यस संसारमा आउनुभयो। त्यही उद्देश्यको निम्ति उहाँ क्रूसमा मर्नुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो। आशाहीनताको अवस्थामा हामीलाई आशा दिनलाई। आँधीको बीचमा हामीलाई शान्ति दिनलाई। हामीलाई प्रेम दिन, हामी उहाँको प्रेमको योग्यका छैनौ भनेर हामीले महसुस गरे पनि। रोमी ८:३२ ले भन्दछ, **जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?** उहाँसँग माग्नुहोस्, उहाँ तपाईंलाई सबै असल थोकहरू दिने इच्छा गर्नुहुन्छ।

हरेक दिन उहाँसँग कुराकानी गर्नुहोस्, उहाँको वचन पढ्नुहोस्। उहाँको आवाज सुन्ने अनुभव तपाईंसँग छैन भने आजै उहाँसँग माग्नुहोस्। प्रार्थना गर्नुहोस्, "प्रभु, म तपाईंलाई घनिष्ट भएर पछ्याउन चाहन्छु, टाढैबाट पछ्याउने होइन, मसँग बोल्नुहोस् प्रभु। मलाई तपाईंको आवाज सुनाउनुहोस्। प्रभु तपाईंको आवाज सुन्न मात्रै होइन तर तपाईंले भनेअनुसार गर्न मलाई सहायता गर्नुहोस्। आमेन।"

प्रभुसँग टाढैबाट नभएर घनिष्ट भएर हिँड्न उहाँले तपाईंलाई सहायता गरून्।

*******


## NEHEMIAH BIBLE EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

REACHING NATIONS

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd. 1969

**Medium :Tamil**

*Registered Candidate for Membership*

Asia Theological Association (ATA)

**Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years**

Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years

**Qualification : 10th Standard & above**

**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

***2. Bank : ICICI Bank***

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

***3. Bank : State Bank of India***

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 17th JULY 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**